**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २५ नोभेम्बर २०२३

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- संविधान जारी भएको ७५ औं वर्षगाँठ मनाउन केन्द्र सरकारले अभियानको घोषणा गरेको छ ।
- जी टि ए का मुख्य कार्यपाल अनित थापाले दार्जीलिङ्ग नगरपालिकामा ३ वटा शपिंग कम्प्लेक्स निर्माण कार्यको शिलान्याश गर्नुभयो।
- सिलगढी इन्स्पिरिया युवा दौड़ प्रतियोगिताको ५ किमी को प्रतिस्पर्धामा दार्जीलिङ्ग जोर्बंग्ला निवासी पासाङ लामु शेर्पा प्रथम भएकी छन्।
- नेहरू युवा केन्द्र दार्जीलिङको आयोजनामा मिरिक उच्चत्तर माध्यमिक विद्यालयको प्रेक्षागृहमा जिल्ला स्तरीय युवा उत्सव २०२४ कार्यक्रम सम्पन्न भयो।
- नेपाल पर्यावरण विभागले काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा बढ्दो वायु प्रदुषणलाई ध्यानमा राख्दै ठोस र प्लाष्टिकजन्य फोहोर नजलाउन आग्रह गरेको छ।

**संविधान दिवस**

संविधान जारी भएको ७५ औं वर्षगाँठ मनाउन केन्द्र सरकारले अभियानको घोषणा गरेको छ । यो अभियान भोलिदेखि नोभेम्बर २६, २०२५ सम्म देशभर चल्नेछ। संविधान नोभेम्बर 26, 1949 मा भारतको संविधान सभा द्वारा पारित गरिएको थियो, र यो 26 जनवरी, 1950 मा देश मा लागू भयो। संसदीय मामिला मन्त्री किरेन रिजिजुले नयाँ दिल्लीमा संविधानसभाको केन्द्रीय हलमा भव्य कार्यक्रम आयोजना गरिने जानकारी दिनु भएको छ। उक्त कार्यक्रममा राष्ट्रपति द्रौपदी मुर्मुले संसदका दुवै सदनका सदस्यहरुलाई सम्बोधन गर्ने कार्यक्रम छ । श्री रिजिजुले यो संसदको मात्र नभई सम्पूर्ण देशको उत्सव भएको बताउनु भएको छ। संसदीय मामिला मन्त्रीले यस अवसरमा आयोजना हुने विभिन्न कार्यक्रममा सहभागी हुन सर्वसाधारणलाई आग्रह गर्नु भयो । 'हाम्रो संविधान, हाम्रो स्वाभिमान' अभियान अन्तर्गत यो कार्यक्रम आयोजना भइ रहेको छ ।

****** ० ******

**प्रधानमन्त्री-सहकारी सम्मेलन**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको भारत मण्डपममा अन्तर्राष्ट्रिय सहकारी गठबन्धन-आईसीए ग्लोबल कोअपरेटिभ सम्मेलनको उद्घाटन गर्नुभयो। अन्तर्राष्ट्रिय सहकारी गठबन्धन – ICA, विश्व सहकारी सम्मेलन र महासभा भारतमा आयोजना हुँदैछ। सम्मेलनमा भुटानका प्रधानमन्त्री दाशो छिरिङ तोब्गे र फिजीका उपप्रधानमन्त्री मानोआ कामिकामिका पनि सहभागी रहनु हुनेछ । हाम्रो संवाददाताले जानकारी दिए अनुसार वैश्विक सम्मेलनको आयोजन आईसीए अनि भारत सरकार तथा भारतीय सहकारिता अमूल तथा कृभको को सहयोगमा भारतीय किसान उर्वरक सहकारिता लिमिटेडले गरिरहेको छ।

****** ० ******

**दार्जीलिङ्ग नगरपालिका**

दार्जीलिङ्ग नगरपालिकाद्वारा दार्जीलिङ्ग बजार भित्र बनिन लागेको ३ वटा शपिंग कम्प्लेक्सको आज गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापाले विधिवत शिलान्याश गर्नु भयो। नगरपालिकाले सहरको चौक बजार, पुरानो सुपरमार्केट छेउ अनि हिल कार्ट रोड सिंह धाम नजिक जम्मा तिन वटा शपिंग कम्प्लेक्स निर्माण गर्ने भएको छ जसको आज शिलान्याश गरिएको हो । आज को यसै कार्यक्रम बिच भर्खरै नेहरु रोड मा भित्ते चित्र साथै 3 डी पेण्टिङ्ग्स बनाएर दार्जीलिङ्ग को सुन्दरिकरणमा योगदान दिए बापत गायक एवं चित्रकार रमेश थामी लाई पनि सम्बर्धना जनाईयो ।

****** ० ******

**हिमालयन ट्रान्सपोर्ट को-अर्डिनेसन कमिटी**

हिमालयन ट्रान्सपोर्ट को-अर्डिनेसन कमिटी दार्जीलिङले तिहार अघि राईभिल्लामा वाहन दुर्घटनामा परि घाइते हुने नानीको परिवारलाई आर्थिक सहयोग प्रदान गरेको छ। आज को-अर्डिनेसन कमिटी दार्जीलिङको कार्यकारी सदस्यहरुको एक सभाबीच सगठन अधिनस्त ४४ वटा सेन्डिगेटबाट सकलित एक लाख चौबीस हजार रकम परिवार पक्षलाई हस्तान्तरण गरिएको हो। तिहारको समयमा दार्जीलिङको बतासे नजिकै राईभिल्लामा वाहन दुर्घटनामा परेर दुई जनाको मृत्यु भएको थियो भने एक नानी गम्भीर रूपमा घाइते भएको थियो । उक्त घाइते नानीको आर्थिक अवस्था कमजोर रहेको जनाउदै तीन माईल समाजद्वारा हिमालयन ट्रान्स्पोर्ट को-अर्डिनेसन कमिटीलाई आर्थिक सहयोगको अपिल गरिएको थियो । जसको फलस्वरूप हिमालयन ट्रान्स्पोर्ट को-अर्डिनेसन कमिटीले ४४ वटा सेण्डीगेटका सदस्यहरुबाट संग्रह गरिएको रकम मोठ एक लाख चौबीस हजार रुपिया आज तीन माइल समाजका पदाधिकारीहरुको हात मा सुम्पिएका छन ।

****** ० ******

**सिटी सेन्टर रेल दुर्घटना**

सिलगढीको सिटी सेन्टर नजिक रेलद्वारा काटिएर एक व्यक्तिको ज्यान गएको छ। आज दिउँसो भएको उक्त दुर्घटनामा पर्ने व्यक्तिको शरीर अनि टाउको अलग-अलग अवस्थामा फेला परेको छ। लगभग तीस वर्ष पुगेको व्यक्तिको पहिचान हुन सकेको छैन। यस्तो दुर्घटना पुनः नदोहोरियोस् भन्दै स्थानीय जनताले उक्त क्षेत्रमा बेरिकेड लगाइयोस् भन्ने माग गरेका छन्। उक्त दुर्घटनाको सम्बन्धमा पुलिसले अनुसन्धान गरिरहेको छ भने जीआरपी-को टोली आएर उक्त शवलाई आफ्नो अधीनमा लिएपछि पोस्ट मर्टमको लागि मेडिकल कलेज अस्पताल पठाएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**इन्स्पिरिया युवा दौड़**

सिलगढी इन्स्पिरिया युवा दौड़ प्रतियोगिताको ५ किमी को प्रतिस्पर्धामा दार्जीलिङ्ग जोर्बंग्ला निवासी पासाङ लामु शेर्पा प्रथम भएकी छन्। गत 24 नोभेम्बरको दिन भएको Siliguri Inspiria youth run का प्रमुख अतिथिको रुपमा भारतीय फुटबलका पुर्व कप्तान भाइचुङ भुटिया उपस्तिथ रहेका थिए भने उनकै बहुली बाट पासाङ लामु शेर्पालाई ट्रफी प्रदान गरिएको थियो। लगभग १००० भन्दा बडी धावकहरुले अन्श्ग्रहण गरेको यस प्रतियोगितामा १० किमी र ५ किमी को Event रहेको थियो भने जोर्बंग्ला निवासी पासाङ लामु शेर्पा ५ किमी को दौडमा बाजी मरेकी हुन्।

****** ० ******

**कारगिल एनजीओ**

भूतपूर्व सैनिकहरुको संगठन कारगिल एनजीओको आयोजनामा घैयाबारी क्षेत्रमा रहेका शिक्षित युवाहरुलाई लिएर रोजगारमूलक कार्यको लागि कार्यक्रम आयोजना गरियो। घैयाबारी भूतपूर्व सैनिक वेलफेयर सोसाइटीले धुपगढीमा अवस्थित प्रथम एडुकेशन फाउण्डेशन अन्तर्गत प्रथम मल्टी स्किलिङ ट्रेनिङ सेन्टरसित मिलेर उक्त रोजगारमूलक कार्यक्रम आयोजना गरेको थियो । सोसाइटीले घैयाबारी क्षेत्रमा रहेका शिक्षित युवाहरुले रोजगार पायोस् भन्ने उद्देश्यका साथमा आयोजना गरेको यस कार्यक्रममा प्रथम मल्टी स्किलिङ ट्रेनिङ सेन्टर धुपगढीको तर्फबाट सुशान्त मण्डल, तुसान मण्डल र बाप्पी दास उपस्थित रहेका थिए।

****** ० ******

**दधिराम घिमिरे**

गोर्खाल्याण्ड क्षत्रिय प्रशासनले क्षेत्रको बिभिन्न बिभागहरुमा रहेको रिक्त पदहरुमा नियुक्ति प्रक्रियालाई अघि बढाउन पर्ने क्युसियल हैन्डस इन्टरन्यासनल मल्टी ट्रस चियरमैन दधिराम घिमिरेले गर्नु भएको छ । उहाले सूचना एव सांस्कृतिक विभाग मिरिकका शह निर्देशक कैलाश राईलाई कर्मचारीको रुपममा स्थानन्तरणबारे बोल्नु हुदै बिभागले गरेको कुनै पनि राजनीति प्रेरित स्थानन्तरण अमान्य रहेको बताउनु भयो । श्री घिमिरेले भन्नु भयो, कैलाश राईको नेतृत्वमा सुचना एंव सांस्कृतिक बिभागको मिरिक शाखाले अब्बल कार्य गर्दै आएको तर यसरी अचानक स्थानन्तरण गर्नाले मिरिक शाखालाई प्रभाव पर्नेछ। स्मरण रहोस, केही समय यता कैलाश राईको स्थानन्तरणको बिषयले राजनीतिक चर्चा पाइरहेको छ। कैलाश राई सुचना अनि सांस्कृतिक बिभागमा बासुरी बाधक अनि शाखाका सह निदेशकको रुपमा कार्यरत हुनुहुन्थ्यो । उहाले आफ्नो स्थानन्तरणलाई राजनीति प्रेरित रहेको बताउनु भएको छ भने जिटिएको तर्फवाट जन सम्पर्क अधिकारी एसपी शर्माले कैलाशको नियमित स्थानन्तरण भएको बताउनु भएको छ । यसैबीच कलाकार कैलाश राईलाई आज सूचना एव सांस्कृतिक विभाग मिरिकका कलाकारहरुले अश्रुपूर्ण विदाई दिएका छन् I

****** ० ******

**युवा उत्सव- मिरिक**

नेहरू युवा केन्द्र दार्जीलिङको आयोजनामा मिरिक उच्चत्तर माध्यमिक विद्यालयको प्रेक्षागृहमा जिल्ला स्तरीय युवा उत्सव २०२४ कार्यक्रम सम्पन्न भयो। जसमा दार्जीलिङ जिल्लाभरिका विभिन्न महाविद्यालय अनि विद्यालयका विद्यार्थीहरूले अंश ग्रहण गरेका थिए। यस उत्सवमा विज्ञान मेला एवं प्रतियोगिता, चित्रकला, कविता, फोटोग्राफी, नृत्य अनि वाक पटुता प्रतियोगिता सम्पन्न भयो। कार्यक्रमपछि पत्रकारहरूसँग कुराकानी गर्ने क्रममा नेहरू युवा केद्र दार्जीलिङका सदस्यद्वय दिपेश गिरी अनि अनमोल गुरूङले प्रधानमन्त्री नरेन्द्र मोदीको विकसित भारतको नारालाई अझ टेवा पुर्याउन भारत सरकारको युवा मामिला एवं खेल मन्त्रालयको सहयोगमा विभिन्न जिल्लाहरूमा यस प्रकारको कार्यक्रमको आयोजना भइरहेको बताए। हाल यो कार्यक्रम जिल्ला स्तरमा भइरहेको र आगामी वर्षदेखि अझ वृहत रूपमा आयोजना हुने बताएका छन्। उनीहरूले वर्ष 2047 सम्म भारतलाई विकसित भारत बनाउने दिशामा युवाहरूको असल विचारलाई  अघि बडाउनु पनि कार्यक्रमको विशेष उद्धेश्य रहेको बताएका छन्।

****** ० ******

**काठमाडौं – प्रदूषण**

नेपाल पर्यावरण विभागले काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा बढ्दो वायु प्रदुषणलाई ध्यानमा राख्दै ठोस र प्लाष्टिकजन्य फोहोर नजलाउन आग्रह गरेको छ।हाल काठमाडौं उपत्यका र अन्य केही स्थानमा वायु प्रदूषण गुणस्तर सूचकाङ्क १४९ देखि १५८ सम्म रहेको छ ।उद्योग, कल कारखाना र सवारी साधनबाट निस्कने धुवाँ, वनमा लागेको आगो, फोहोर तथा कृषिका अवशेषहरू खुल्ला रूपमा जलाउनु, घरबाट निस्कने धुवाँ र सडक निर्माणस्थलबाट निस्कने धुवाँ आदि वायु प्रदूषणको प्रमुख कारण रहेको विभागले जनाएको छ ।

****** ० ******

**जनरल उपेंद्र द्विवेदी**

जनरल उपेंद्र द्विवेदीले नेपालको पोखरा भ्रमणको क्रममा पीपीओ पोखरामा नेपाली मूलका गोरखा भूतपूर्व सैनिकहरुको विशाल रैलीलाई संबोधित गर्नु भएको छ। जनरल उपेंद्र द्विवेदी अनि उनकी पत्नी सुनीता द्विवेदी, अध्यक्ष, AWWA (IA) ले यस अवसरमा उपस्थित वीरता पुरस्कार विजेता अनि वीर नारीहरुसित बातचीत अनि अभिनन्दन गर्नुभयो। सेना प्रमुखले गोरखा सैनिकहरुको बहादुरीको सराहना गर्दै राष्ट्रप्रति उनीहरुको साहस अनि समर्पित सेवालाई सलाम गर्नुभयो। कार्यक्रमपछि, जनरलले पोखरामा नेपाली सेना पश्चिम डिवीजन मुख्यालयको भ्रमण पनि गर्नु भयो।

****** ० ******

**शिहान सुशन थापा**

दार्जीलिङ पहाडका छोरा शिहान सुशन थापाले के आइ ओ फेडेरेसन कप प्रिमियर लिग र युथ लिग कराते च्याम्पियनसिप २०२४ मा सफलतापूर्वक भाग लिएका छन् । कराते भारत संगठनले भारतको सबैभन्दा ठूलो आधिकारिक कार्यक्रम के आइ ओ फेडरेशन कप प्रिमियर लिग र युवा लिग कराते च्याम्पियनसिप-२०२५ , आगामी १९ देखि २३ नोभेम्बरमा तालकटोरा इन्डोर स्टेडियम, नयाँ दिल्लीमा आयोजना गरेको थियो।  कराते डो एसोसिएसन अफ बंगालले यस राष्ट्रिय प्रतियोगितामा पश्चिम बंगाल राज्यबाट प्रतिनिधित्व गर्न कुल तीन रेफ्री छनोट गरेको थियो। एसियाली कराते महासंघका रेफ्री शिहान सुशन थापा पनि पश्चिम बंगालका साथै जीटीए क्षेत्रबाट पनि छनोट भएका थिए ।

****** ० ******

**फुटबल प्रतियोगिता**

लोधोमा सार्वजनिक खेलमैदानमा आगामी चार डिसेम्बरदेखि शाहिद दिवाकर राईको स्मृतिमा खेलाइने फुटबल प्रतियोगिताको चौथो संस्करण विविध रंगारग कार्यक्रमको साथमा शुरु हुने भएको छ।आज प्रतियोगिताको अधिकारिक रूपमा घोषणा गर्दै आयोजक नव संगम क्लबका प्रतिनिधिहरुले उद्धाटन समारोह भव्यताको साथमा सम्पन्न हुने बताएको छ। प्रतियोगिताको बिजेता तथा उप बिजेता दललाई क्रमैले नगद ३ लाख अनि २ लाखले सम्मान  गरिने जानकारी पनि आयोजक पक्षले दिएको छ।

****** ० ******